# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, वैशाख १० गते २०५३ साल (संख्या २

## भाग ३

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (ड) ले दिएको अधिकार प्रयोग गरी देहायका पर्यटन, सेवा तथा निर्माण उद्योगलाई पाँच वर्षको लागि आयकर छूट दिएकोले यो सूचना प्रकाशन गरेको छ ।

१. पर्यटन उद्योगः–

(क) होटल

(ख) रिजोर्ट

२. सेवा उद्योगः–

(क) अस्पताल

(ख) नर्सिङ होम

(ग) कम्प्यूटर सफ्टवेयर

३. निर्माण उद्योगः– सडक, पुल, रेल्वे ट्रलीबस, टनेल, फ्लाइङ्ग ब्रिज अफिस एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने ।

आज्ञाले,

डा. भोलानाथ चालिसे

श्री ५ को सरकारको सचिव

११२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३९ संख्या ४५ मिति २०४६।११।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठन भएको सदर चिडियाखाना विकास समितिलाई विघटन गरेको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

११६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।